श्रावण ८, २०५३ गोरखापत्र July 23, 1996

# श्री ५ युवराजाधिराजबाट नेपाली खेलाडीलाई दर्शनभेट

काठमाडौं, साउन ७ गते । श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव हिजो एटलाण्टाको ओलम्पिक भिलेज सवारी होइबक्सी ओलम्पिकका सहभागी नेपाली खेलाडीहरूलाई दर्शनभेट बक्स्यो ।

मौसूफबाट खेलाडीहरू बस्ने ठाउँहरू निरीक्षण गरीबक्सी त्यहाँको बन्दोबस्तबारे जानकारी हासिल गरिबक्स्यो ।

मौसूफ राष्ट्रिय खेलकूद परिषद्का संरक्षक होइबक्सन्छ ।

श्री ५ युवराजाधिराजबाट हिजै ओलम्पिक काउन्सिल अफ एसियाका अध्यक्ष कुवेतका शेख अहमद अल-सभालाई दर्शनभेट बक्स्यो ।

ती दुवै अवसरमा युवा, खेलकूद तथा संस्कृतिमन्त्री बलबहादुर के.सी., शाही नेपाली राजदूत डा. भेषबहादुर थापा र नेपाल ओलम्पिक कमिटीका महासचिव रुक्म शम्शेर राणाको पनि उपस्थिति थियो ।

हिजै श्री ५ युवराजाधिराज नेपलिज एसोसिएशन इन साउथ इस्टर्न अमेरिकाद्वरा मौसूफको सम्मानमा आयोजित स्वागत समारोहमा सरिक होइबक्स्यो ।

स्मिरना सिटीको तर्फबाट त्यहाँका मेयरले र एसोसिएशनको तर्फबाट अध्यक्ष समन्त थापाले मौसूफको स्वागत गर्नुभएको थियो ।

उक्त अवसरमा मन्त्री के.सी., राजदूत थापा र खेलाडीहरूको उपस्थिति थियो । रासस